# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८ ] काठमाडौं, असोज १६ गते २०३५ साल [ संख्या २५


श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

नेपाल इञ्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा)
(पहिलो संशोधन) नियमहरू, २०३५

नेपाल इञ्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल इञ्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमहरू, २०३५" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. नेपाल इञ्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ४ मा संशोधनः नेपाल इञ्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को उप-नियम (४) पछि देहायको उप-नियम (५) थपिएको छः–

"(५) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यी नियमहरू प्रारम्भ हुँदाको वखत सेवामा बहाल रहेका आई. सी. ए. ओ. बाट मान्यता प्राप्त स्तरको तालीम प्राप्त गरेको कर्मचारीले आफ्नो श्रेणीभन्दा एकतह माथिल्लो श्रेणीको पदको काम सम्हाल्न विशेष रूपले योग्य छ भन्ने श्री ५ को सरकारलाई लागेमा त्यस्तो कर्मचारी आफ्नो उप-समूहभित्रको एकतहमाथिको पदमा पदोन्नतिकोलागि सम्भाव्य उम्मेदवार बन्न सक्नेछ ।"

३. <u>मूल नियमावलीको अनुसूची १ मा संशोधन</u> : मूल नियमावलीको अनुसूची १ को क्रमसंख्या १२ को सट्टा देहायको क्रमसंख्या १२ राखिएको छ :–

"१२. सिभिल एभिएशन अपरेशन तथा इञ्जिनीयरिङ्ग
यस समूहअन्तर्गत निम्न उप-समूहहरू रहनेछन् :–
(क) सिभिल एभिएशन अपरेशन
(ख) एभिएशन टेलिकम्यूनिकेशन मेन्टेनेन्स"

४. <u>मूल नियमावलीको अनुसूची २ मा संशोधन</u> : मूल नियमावलीको अनुसूची २ को,–

(१) क्रमसंख्या ३ को सट्टा देहायको क्रमसंख्या ३ राखिएको छ :–

| क्र. सं. | समूह | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| ३. | इलेक्ट्रोनिक तथा टेलिकम्यूनिकेशन इञ्जिनीयरिङ्ग | वी.ई. (इलेक्ट्रिकल इञ्जिनीयरिङ्ग) वा रेडियो इञ्जिनीयरिङ्ग वा रेडियो ब्रोडकाष्टिङ्ग वा टेलिकम्यूनिकेशन वा इलेक्ट्रोनिक इञ्जिनीयरिङ्गमा डिग्री<br>वा<br>एम. टेक. (फिजिक्स)<br>वा<br>सोसरह |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. क्रमसंख्या १२ को सट्टा देहायको क्रमसंख्या १२ राखिएको छ :–

| क्र.सं. | समूह | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १२. | सिभिल एभिएशन अपरेशन तथा इञ्जिनीयरिङ्ग | |
| (क) | सिभिल एभिएशन अपरेशन | कुनै विषयमा स्नातक भएको र एभिएशन अपरेशन तथा ग्राउण्ड सर्भिसेज वा पर्सनल लाईसेन्सिङ्ग वा एयर ट्रान्सपोर्ट वा एयरपोर्ट म्यानेजमेन्टमा आई. सी. ए. ओ. बाट मान्यता प्राप्त स्तरको तालीम प्राप्त<br>वा<br>सोसरह |
| (ख) | एभिएशन टेलिकम्यूनिकेशन मेन्टेनेन्स | कुनै विषयमा स्नातक भएको र आई. सी. ए. ओ. बाट मान्यता प्राप्त स्तरको एरोनटिकल रेडियो मेन्टेनेन्समा तालीम प्राप्त<br>वा<br>एरोनटिकल रेडियो मेन्टेनेन्समा डिप्लोमा स्नातक<br>वा<br>सोसरह |

आज्ञाले–

वीरेन्द्रनाथ खुजेली

श्री ५ को सरकारको का. मु. सचिव

४८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

862

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।